**आकाशवाणी समाचार- नेपाली**

मितिः ३० नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले ओडिशाको भुवनेश्वरमा आयोजित देशका सबै राज्य अनि केन्द्रशासित प्रदेशहरूका, पुलिस महानिर्देशक र पुलिस महानिरीक्षकहरूको अखिल भारतीय सम्मेलनमा आज र भोलि भाग लिनु हुनेछ।
- केंद्रीय वित्त मंत्री निर्मला सीतारमणले ह्जो ब्हारको दरभन्गामा केन्द्र सरकारको किसान क्रेडिट कार्ड-**केसीसी** योजनाको विस्तार गर्नु भयो।
- केन्द्र सरकार र एसियाली विकास बैंक - A.D.B. बीच देशका बागवानीसँग संबंधित किसानहरूका लागि ९ करोड ८० लाख रुपियाँको ऋण सम्झौता भएको छ
- भारतको प्लास्टिक निर्यात प्रवर्धन परिषद अन्तर्गत नेरालको राझधानी काठमाण्डूमा जारी प्लासट-नेपाल 2024को चौथो संस्करणको तीन दिने प्रदर्शनीमा भारतीय कम्पनीहरूको 45 वटा स्टल लगाइयो।
- दुबईमा,जारी एसीसी अन्डर–१९ एसिया कप क्रिकेट प्रतियोगिताको समूह 'ए' को म्याचमा आज भारत तथा पाकिस्तान बीच भीड़न्त हुनेछ।

**प्रधानमन्त्री-महानिर्देशक/महानिरीक्षक सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले ओडिशाको भुवनेश्वरमा आयोजित देशका सबै राज्य अनि केन्द्रशासित प्रदेशहरूका, पुलिस महानिर्देशक र पुलिस महानिरीक्षकहरूको अखिल भारतीय सम्मेलनमा आज र भोलि भाग लिनु हुनेछ। तीन दिने यस सम्मेलनको उद्धाटन हिजो केन्द्रीय गृहमन्त्री अमित शाहले गर्नु भएको थियो। सम्मेलनले विभिन्न राष्ट्रिय सुरक्षा मुद्दाहरूमा छलफल गर्ने देशका वरिष्ठ अनि शीर्ष पुलिस र सुरक्षा सम्बन्धित अधिकारीहरूलाई मञ्च प्रदान गर्दछ। सम्मेलनमा नक्सलवाद, तटीय सुरक्षा, आतंकवाद विरूद्ध कारवाही, नयाँ अपराधिक कानुन र लागुऔषधी ओसार पसार लगायत राष्ट्रिय सुरक्षाका प्रमुख मुद्दाहरूमा गहन छलफल गरिनेछ। यस सम्मेलनमा विशिष्ट सेवा प्रदान गर्ने पुलिस अधिकारी र कर्मीहरूलाई राष्ट्रपति पुलिस पदक पनि प्रदान गरिने छ। प्रधानमन्त्री कार्यालयले दिएको जानकारू अनुसार पुलिस र सुरक्षा संबंधित यस्ता शीर्ष अधिकारी सम्मेलनमा प्रधानमन्त्री नरेन्द्र मोदीले सधैं गहिरो चासो देखाउँदै नयाँ विचारका लागि खुला र अनौपचारिक छलफलको वातावरणलाई प्रोत्साहन गर्दै आउनु भएको छ। राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र प्रधानमन्त्रीका प्रमुख सचिव पी.के.मिश्रा अनि अन्य कई अधिकारीहरू पनि यस सम्मेलनमा सहभागिता गरी रहेका छन्। यस अघि प्रधानमन्त्री नरेन्द्र मोदी तीन दिने ओडिशा भ्रमणका क्रममा हिजो साँझ भुवनेश्वर पुग्नु भएकोछ। हिजो बिजु पटनायक अन्तर्राष्ट्रिय हवाई अड्डामा आयोजित एउटा विशाल जनसभालाई पनि प्रधानमन्त्रीले सम्बोधित गर्नु भयो। उहाँले हवाई अड्डामा देखि राजभवनसम्म रोड शो पनि गर्नु भयो। पछि, श्री मोदीले राज्य भाजपा मुख्यालयमा सांसद, विधायक, मन्त्री र पार्टी नेताहरूसँग बैठक गर्नु भयो। यस बैठकले ओडिशामा तल्लो तहमा पार्टीलाई सुदृढ गर्ने र सुशासनका लागि जनकल्याणकारी दृष्टिकोण अपनाउनेबारे छलफल गरियो। बैठकमा केन्द्रीय मन्त्रीहरू जुएल ओराम, धर्मेन्द्र प्रधान, अश्विनी वैष्णव, ओडिशाका मुख्यमन्त्री मोहन चरण मांझी र अन्य वरिष्ठ नेताहरू उपस्थित थिए।

****** ० ******

**संशो. बिहार - सीतारमण**

केंद्रीय वित्त मंत्री निर्मला सीतारमणले ह्जो ब्हारको दरभन्गामा केन्द्र सरकारको किसान क्रेडिट कार्ड-

**केसीसी** योजनाको विस्तार गर्नु भयो। यस योजनामा मत्स्य पालन, पशुपालन र अन्य क्षेत्रलाई शाम्ल गरिएकोछ। उहाँले कार्यक्रमलाई संबोंधित गर्दै केन्द्र सरकार महिलाहरूको सशक्ति करण प्रति प्रतिबद्ध रहेको भन्नु भयो। श्रीमती सीतारमणले अझ भन्नु भयो- केंद्रीय बजट महिला केंद्रित बाट अब महिला नेतृत्वको दिशामा परिवर्तित भईसकेकोछ र यसले आउने वर्षहरूमा देशलाई विश्वको तेस्रो सर्न वृहद अर्थव्यवस्था बन्ने दिशामा मदद मिल्नेछ। उहाँले अझले अढ भन्नु भयो ड्रोन दीदी परियोजना स्वयं सहायता समूहहरूलाई सशक्त बनाउनका लागि प्रशिक्षण र कौशल विकालसा लागि एउटा राम्रो अवसर प्रदान गरि रहेकोछ। वित्त मंत्रीले भन्नु भयो विभिन्न योजनाहरू अंतर्गत 49 हजार भन्दा बढी लाभार्थिहरूलाई लगभग एक हजार 388 करोड़ रुपियाँको ऋण प्रदान गरि सकिएकोछ।। यस भन्दा अधि उहाँले पटनामा क्षेत्रीय ग्रामीण बैंकहरूको समीक्षा बैठक पनि गर्नु भयो। बिहार भ्रमणको अंतिम दिन, श्रीमती सीतारमण आज मधुबनी जिलामा आजित दोस्रो क्रेडिट आउटरीच कार्यक्रममा शामेल हुनु हुनेछ। सुन्नु होसएक रिपोर्ट

****** ० ******

**प्लास्ट नेपाल २०२४**

भारतको प्लास्टिक निर्यात प्रवर्द्धन परिषद् अन्तर्गत काठमाडौंमा जारी प्लाष्ट नेपाल २०२४ को चौथो संस्करणको तीनदिने प्रदर्शनीमा भारतीय कम्पनीका ४५ वटा स्टलले व्यापार–व्यवसाय सम्पर्क प्रवर्द्धन गर्ने उद्देश्यले प्रदर्शनी गरेका थिए। प्रदर्शनीमा पाँच देशका १५० भन्दा अधिक कम्पनीको सहभागिता रहेको थियो। बिहीबार आयोजित उद्घाटन सत्रमा नेपालका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आर्थिक गतिविधिलाई अगाडि बढाउन नेपाल सरकारले निजी क्षेत्रसँग सहकार्य गरिरहेको बताए।बिहीबारदेखि भृकुटीमण्डपमा शुरु भएको प्लाष्ट नेपालको तीनदिने प्रदर्शनीको उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले निजी क्षेत्रको सहकार्यविना राष्ट्रिय अर्थतन्त्रका समस्या समाधान हुन नसक्ने बताउनुभयो। पछिल्लो समय आर्थिक परिसूचकमा सुधार आएको बताउँदै उनले अत्याधुनिक प्रविधिको प्रयोगले आर्थिक विकासमा उँभो लाग्ने बताउनुभयो। उहाँका भनाई अनुसार आयात प्रतिस्थापन र निर्यात बढाउने प्रमुख चुनौती रहेको भन्दै उद्योग–व्यवसायसँग सम्बन्धित विभिन्न कानुन परिमार्जन गर्ने तयारी गरिएको थियो। स्वदेशी लगानीकर्तालाई सरकारले प्रोत्साहन गर्नेछ।नेपालमा विभिन्न उद्योगको विकास, सहरीकरण र उपभोक्ताको बदलिँदो रुचीका कारण प्लास्टिकको माग तीव्र गतिमा बढ्दै गएको छ। नेपालमा प्लास्टिक उद्योग द्रुत गतिमा बढिरहेको क्षेत्र हो, जसले देशको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलिरहेको छ। बढ्दो जनसङ्ख्या र मागका कारण नेपालमा प्लास्टिकजन्य वस्तुको ठूलो माग छ। नेपालमा प्लास्टिक उद्योग करिब ६० अर्ब रुपैयाँ (लगभग ५० करोड अमेरिकी डलर) रहेको अनुमान गरिएको छ। नेपालमा ५०० भन्दा बढी प्लास्टिक उत्पादन एकाइहरू छन्, जसमध्ये धेरैजसो काठमाडौं र छेउछाउका क्षेत्रमा केन्द्रित छन् र भारत नेपालमा प्लास्टिकका सामान र कच्चा पदार्थको प्रमुख निर्यातकर्ता हो। सन् २०२३-२४ मा भारतीय प्लास्टिकको निर्यात ११.६ बिलियन अमेरिकी डलर रहेको छ र विश्वका २०० भन्दा अधिक देशहरूमा निर्यात भएको छ। प्रदर्शनी आज समापन हुँदैछ र नेपालमा प्लास्टिक उद्योगको व्यापार बढाउने मञ्चको रूपमा निर्णायक छ।

****** ० ******

**सरकार-एडीबी**

केन्द्र सरकार र एसियाली विकास बैंक - A.D.B. बीच देशका बागवानीसँग संबंधित किसानहरूका लागि ९ करोड ८० लाख रुपियाँको ऋण सम्झौता भएको छ। यस सम्झौताबाट कृषकहरूले रोगमुक्त प्रमाणित बिरुवा रोपण सामग्री प्राप्त गर्न सक्नेछन् तथा फलफूलहरूको उत्पादकता, गुणस्तर अभीवृद्धि र जलवायु परिवर्तनको प्रभावको सामना गर्न नकै मद्दत पाउने छन्। भारतको स्वच्छ बिरुवा कार्यक्रमका लागि ऋण सम्झौतामा आर्थिक मामिला विभागका सहसचिव जुही मुखर्जी र एसियाली विकास बैंकका भारतस्थित आवासीय नियोगका अधिकृत काई वेई योओले हस्ताक्षर गरे। वित्त मन्त्रालय अनुसार यस आयोजनाले वनस्पति स्वास्थ्य व्यवस्थापनलाई प्रवर्द्धन गर्नेछ। यस परियोजनाको सफलता सुनिश्चित गर्न निजी नर्सरीहरू, अनुसन्धानकर्ताहरू, राज्य सरकारहरू र किसान संगठनहरू संलग्न हुनेछन्।

****** ० ******

**कपडा मन्त्री**

केन्द्रीय कपडा राज्यमन्त्री पवित्रा मार्गेरिताले कपडा उद्योगमा महिलाको सहभागितामा उल्लेख्य वृद्धि भएको बताउनुभएको छ । हिज नयाँ दिल्लीमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उहाले सरकारको समर्थ योजना (कपडा क्षेत्रमा क्षमता निर्माण योजना) बाट तीन लाख ६० हजार महिला लाभान्वित भएको बतउनु भयो । यो पहल कपडा उद्योगमा रोजगारी र सीप विकास प्रवर्द्धनमा केन्द्रित छ। यस योजनाका ८८ प्रतिशत लाभार्थी महिला रहेको श्री मार्गरिटाले बताइन् । कपडा क्षेत्र कृषि पछि दोस्रो ठूलो रोजगारदाता हो, हाल 45 मिलियन मानिसहरूलाई रोजगारी दिन्छ। सन् २०३० सम्ममा १० करोड मानिसलाई रोजगारी दिने लक्ष्य राखिएको छ । उनले हालै २ लाख करोड रूपैयाँको परिव्ययमा पीएम इन्टर्नशिप योजना सुरु गरिएको र यसको उद्देश्य एक करोड युवाहरूलाई इन्टर्नशिप दिने रहेको बतउनु भयो । उनले समाजका सबै वर्गलाई सशक्तिकरण गरी मूलधारमा समाहित गर्ने सरकारको प्रतिबद्धता दोहोऱ्याउनु भयो ।

****** ० ******

**ACC- अन्डर-१९ क्रिकेट**

दुबईमा,जारी एसीसी अन्डर–१९ एसिया कप क्रिकेट प्रतियोगिताको समूह 'ए' को म्याचमा आज भारत तथा पाकिस्तान बीच भीड़न्त हुनेछ। यो म्याच भारतीय समय अनुसार बिहान १० बजेर ३० मिनटमा सुरु हुनेछ । भारतीय टोलीका कप्तान मोहम्मद अमान हुनेछन्। समूह 'ए' को दोस्रो म्याचमा आज युएईले जापानको सामना गर्नेछ । यो म्याचमा पनि बिहान 10:30 बजे सुरु हुनेछ। समूह ए मा भारत, पाकिस्तान, संयुक्त अरब इमिरेट्स र जापानका टीम छन् । समूह बी मा नेपाल, बंगलादेश, अफगानिस्तान र श्रीलंका छन् ।

****** ० ******

**आईसीसी बैठक - च्याम्पियन्स ट्रफी**

आगामी वर्ष हुने आईसीसी च्याम्पियन ट्रफी प्रतियोगिता सम्बन्धी बिषयमा हिजो अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल बोर्ड सदस्यहरु भर्चुअल बैठक बसेको थियो । मिडिया रिपोर्ट अनुसार सुरक्षा कारणले भारतीय टोली पाकिस्तान जानु नसक्ने भारतको दृढ अडान आईसीसी बोर्ड सदस्यहरूले समर्थन गरेको बताएको छ। भारतीय क्रिकेट कन्ट्रोल बोर्ड-बीसीसीआईले च्याम्पियन्स ट्रफी हाइब्रिड मोडलमा खेल्ने सल्लाह दिएका थिए । अर्कोतिर पाकिस्तान क्रिकेट बोर्डले हाइब्रिड मोडलमा प्रतियोगिता आयोजना गर्न विरोध गरेको छ । आईसीसीले यस विषयमा छलफल गर्न बोर्ड सदस्यहरूले फेरि बैठक गर्नेछन्। यो पचास ओभरको प्रतियोगिता आगामी वर्षको फेब्रुअरी–मार्चमा आयोजना हुने भएको छ । यसैबीच, B.C.C.I. उपाध्यक्ष राजीव शुक्लाले भारतीय खेलाडीको सुरक्षा सबैभन्दा महत्त्वपूर्ण रहेको बतउनु भएको छ । नयाँदिल्लीमा सञ्चारकर्मीसँग कुरा गर्दै शुक्लाले आई.सी.सी. र पाकिस्तान क्रिकेट बोर्डबीच वार्ता भइरहेको छ । उहाले B.C.C.I. भारत सरकारको आदेश अनुसार काम गर्नेछ भनेर भन्नु भयो ।

****** ० ******